नेपाल राष्ट्र बैंक
सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग

**केन्द्रीय कार्यालय परिसरमा रहेका यस बैंकलाई काम नलाग्ने पुराना सम्पत्ति तथा फुटकर फर्निचर सामानहरुको लिलाम गर्ने सम्बन्धी शिलबन्दी बोलपत्र आह्वानको सूचना**

प्रकाशित मितिः २०७९/०९/०५ गते

लिलाम सूचना नं: अन्य सम्पत्ति/लिलाम/२०७९/८०-०१

यस बैंकको केन्द्रीय कार्यालय परिसरमा रहेका देहाय बमोजिमका पुराना काम नलाग्ने सम्पत्ति तथा फुटकर फर्निचर सामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गनुपर्ने भएकोले इच्छुक व्यक्ति वा फर्म/कम्पनीहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र बोलपत्र फारम खरिद गरी १६ औं (सोह्रौं) दिनको १२:०० बजेभित्र (उक्त दिन बिदा परेमा कार्यालय खुलेको पहिलो दिन) देहायका शर्तहरुको अधिनमा रही बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | सामानको विवरण | न्यूनतम् मूल्य रु. (मू.अ.कर बाहेक) | न्यूनतम् मूल्य रु. (मू.अ.कर सहित) | धरौटी रकम |
|---|---|---|---|---|
| १. | अफिस इक्विपमेन्ट (कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेसिन, टिभि, प्रोजेक्टर, व्याट्री, एसी, पानी टयांकी, डिजिटल डिस्प्ले लगायतका सामान), फर्निचर (टेबल), फुटकर फर्निचर (कुर्सी, टेवल, सोफा, अल्मुनियम झ्याल, ढोका प्लाई, स्टान्ड फ्यान, कार टायर र्‍याक, व्याट्री तथा यु.पि.एस.), फलाम, पाता आदी । | **३,२६,०४९।-** | **३,६८,४३५।३७** | कबोल रकमको ५ प्रतिशतमा नघटाई (मू.अ.कर सहित) |
| | **जम्मा** | **३,२६,०४९।-** | **३,६८,४३५।३७** | |

(१) बोलपत्र खुल्ने स्थान, समय र मिति :
(क) स्थान : सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, बालुवाटार
(ख) समय : दिनको १ : ०० बजे
(ग) मिति : २०७९।०९।२० गते

(२) बोलपत्रसाथ बोलपत्र जमानत बापत आफूले कबोल गरेको रकमको **पाँच प्रतिशतले हुन आउने रकम** यस बैंकको बैकिङ्ग विभाग बालुवाटारमा रहेको **स.के.हि.खाता नं. ११०९९०१-०११-०००-५२४** मा नगद जम्मा गरेको सक्कल भौचर वा बोलपत्र पेश गर्ने अन्तिम मितिले ३० दिन मान्य अवधि रहेको यस बैंकको नाममा जारी भएको बैंक जमानत (शर्त रहित) समावेश हुनु पर्नेछ ।

(३) लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले तीन दिन भित्र सम्झौता गर्नु पर्नेछ । अन्यथा बोलपत्र रद्द गरी धरौटी बापत जम्मा गरेको रकम जफत गर्न सकिनेछ ।

(४) बोलपत्र फाराम **रु.५००।०० (रु.पाँच सय मात्र)** (पछि फिर्ता नहुने गरी) यस बैंकको बैकिंग विभाग, बालुवाटारमा रहेको **ना.नो.आ.हि.खाता नं. ११०००००-०३०-०१२-५२४** मा नगद जम्मा गरेको सक्कल भौचर बुझाई यस बैंकको सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, बालुवाटारबाट लिन सकिने छ ।

(५) लिलाम हुने सामान हेर्न/बुझ्न चाहनेले कार्यालय समय बिहान १०.०० बजे देखि दिउसो २.०० बजेसम्म यस बैंकको केन्द्रीय कार्यालय, बालुवाटार (**सम्पर्क नं.४४१९८०४/५,** सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, **Ext. ३७०, २३९)** मा सम्पर्क राख्न सकिनेछ ।

(६) लिलाममा भाग लिने इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र इच्छुक फर्म वा कम्पनीले आफ्नो इजाजतपत्र तथा फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नवीकरण गरिएको) र स्थाई लेखा नम्वर लिएको वा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

(७) बोलपत्र सम्बन्धी सूचना यस बैंकको वेवसाईट www.nrb.org.np मा हेर्न सकिने छ ।

नेपाल राष्ट्र बैंक
सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग